राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

मुटुलगायत स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं।
- नियमित रुपमा शारिरीक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : २७६ ॥ २०७९ मंसिर १३ गते मंगलबार (29th Nov 2022 Tuesday) **Pratidin** National Daily dNo-?-%÷-

झापामा ४६ हजार ५२४ मत बदर

प्रतिनिधि सभा क्षेत्र नं	जम्मा मतदाता संख्या	कुल खसेको मत	कुल सदर मत	कुल बदर मत	बदर मत प्रतिशत	खसेको मत प्रतिशत
१	१२०३७५	८१६२४	७७०७१	४५५३	५.९१	६७.८१
२	१३४०९१	८७४३२	८१७२१	५७११	६.९९	६५.२०
३	१३१४३२	८८७४०	८४८०८	३९३२	४.६४	६७.५२
४	१२३१२४	७९४८३	७४८३६	४६४७	६.२१	६४.५६
५	१५४२८९	९८९८७	९३८७०	५११७	५.४५	६४.१६
जम्मा	**६६३३११**	**४३६२६६**	**४१२३०६**	**२३९६०**	**५.८१**	**६५.७७**

प्रदेश सभा प्रत्यक्ष तर्फ खसेको मत विवरण

प्रदेश सभा क्षेत्र नं	जम्मा मतदाता संख्या	कुल खसेको मत	कुल सदर मत	कुल बदर मत	बदर मत प्रतिशत	खसेको मत प्रतिशत
१ को १	७१९७७	४८७९९	४६१५९	२६४०	५.७२	६७.८०
१ को २	४८३९८	३२८२५	३११८२	१६४३	५.२७	६७.८२
२ को १	५९३०४	३८६०१	३५२६४	३३३७	९.४६	६५.०९
२ को २	७४७८७	४८७८२	४५७२१	३०६१	६.६९	६५.२३
३ को १	६७२४८	४५२९६	४३४१०	१८८६	४.३४	६७.३६
३ को २	६४१८४	४४०५८	४२२०४	१८५४	४.३९	६८.६४
४ को १	५३२०५	३३२५६	३१६४९	१६०७	५.०८	६२.५१
४ को २	६९९१९	४६१९८	४३८८७	२३११	५.२७	६६.०७
५ को १	७४८३४	४७९४४	४५७३१	२२१३	४.८४	६४.०७
५ को २	७९४५५	५०८२७	४८८१५	२०१२	४.१२	६३.९७
जम्मा	**६६३३११**	**४३६५८६**	**४१४०२२**	**२२५६४**	**५.४५**	**६५.८२**

झापा(प्रस) । झापामा ४६ हजार ५२४ मत बदर भएको छ । प्रतिनिधिसभा सदस्यतर्फ २३ हजार ९६० अर्थात् ५.८१ प्रतिशत मत र प्रदेशसभा सदस्यतर्फ २२ हजार ५६४ अर्थात् ५.४५ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालय झापाका सूचना अधिकारी प्रकाश न्यौपाने जानकारी दिए ।

जिल्लामा ६ लाख ६३ हजार ३ सय ११ जना मतदाता रहेकोमा प्रतिनिधिसभातर्फ ४ लाख ३६ हजार २ सय ६६ अर्थात् ६५.७७ प्रतिशत मत र प्रदेशसभातर्फ ४ लाख ३६ हजार ५८६ अर्थात् ६५.८२ प्रतिशत मत खसेको थियो । प्रतिनिधिसभातर्फ ४ लाख १२ हजार ३०६ र प्रदेशसभातर्फ ४ लाख १४ हजार २२ मत सदर भएको सूचना अधिकारी न्यौपानेले बताए ।

मतदाता शिक्षा कार्यक्रम प्रभावकारी नहुँदा जिल्लामा बदर मत संख्या बढेको मतगणनामा खटिएका राजनीतिक दलका प्रतिनिधिहरूले बताएका छन् ।

मतदाताले एउटै मतपत्रमा दुई वटाभन्दा बढी स्वस्तिक छाप प्रयोग गर्नुका साथै ल्याप्चे समेत प्रयोग गरिएको मतगणनाको क्रममा भेटिएको प्रतिनिधिहरूको भनाई छ । २०७४ सालको आम निर्वाचनमा ५ लाख ८५ हजार १६६ मतदाता रहेकोमा ४.७४ प्रतिशत अर्थात् १८ हजार ९१५ मत बदर भएको थियो । कुन क्षेत्रमा कति मत बदर (सूचीसहित)

नवनिर्वाचित सांसदले नामकरण गर्न सक्लान् ?

झापा(प्रस) । प्रदेश १ मा पहिलो प्रदेशसभाका सांसदहरूले ५ वर्षमा प्रदेशको नामकरण गर्न नसकेर थाती राखेर गए । अहिले निर्वाचित भएर आएका सांसदहरूले प्रदेशको नामकरण गर्न सक्लान् त भन्ने चासो बढेको छ । अघिल्लो प्रदेशसभामा प्रतिनिधित्व गरिसकेका मुख्यमन्त्री राजेन्द्रकुमार राई र चार मन्त्रीसहित १३ जना निवर्तमान सांसद पुनः निर्वाचित भएर आएका छन् । प्रदेशसभामा ४३ प्रदेश सांसद नयाँ अनुहार निर्वाचित भएर आएका हुन् । पहिलो प्रदेशसभामा दोस्रो तहका नेता पठाएका राजनीतिक दलहरूले यसपटक केन्द्रीय तथा जिल्ला नेताहरूलाई निर्वाचित गराएर पठाएको हुँदा प्रदेशको नामकरण हुने अपेक्षा गरिएको छ । यद्यपि पहिलो प्रदेशसभामा नामकरणको विषयमा देखिएका चुनौती पुनः दोहोरिने निश्चितप्रायः छ ।

अघिल्लो प्रदेशसभामा राजनीतिक दलभित्रै प्रदेश सांसदहरू पहिचान र भूगोलको आधारमा नामकरण गर्नुपर्नेमा विभाजित हुँदा नामकरण हुन सकेन । ९३ सदस्यीय तत्कालीन प्रदेशसभामा सुरुमा एमालेका शेरधन राईको नेतृत्वमा तत्कालीन नेकपाको दुईतिहाइभन्दा बढीको सरकार थियो । साढे तीन वर्ष प्रदेश सरकारको नेतृत्व गरेका राईले दलभित्रै प्रदेश सांसदहरू भूगोल र पहिचानका आधारमा विभाजित भएकाले प्रदेश नामकरणको विषयमा औपचारिक छलफलसमेत सुरु गर्न सकेनन् ।जसकारण प्रदेशको नामकरण प्रक्रिया अघि बढ्न सकेन ।

उनीपछि एमालेबाट मुख्यमन्त्री भएका भीमप्रसाद आचार्यले पनि नामकरणको विषयमा कुनै चासो राखेनन् ।

त्यसपछि ५ दलीय गठबन्धनको समर्थनमा राजेन्द्रकुमारले मुख्यमन्त्रीको सपथ लिएपछि प्रदेशको नामकरण पहिलो प्राथमिकता भएको भन्दै सञ्चारकर्मीलाई प्रतिक्रिया दिएका थिए । उनले स्वास्थ्यमन्त्री जयराम यादवको नेतृत्वमा कार्यदल गठन गरेर प्रदेशको नामकरणका लागि औपचारिक छलफल चलाए पनि पछि आफैं एकल जातीय पहिचानको आधारमा मात्रै नामकरण हुनुपर्ने भन्दै पन्छिए ।

उनले प्रदेशको नामकरण पहिचानको आधारमा हुनुपर्ने अडान मात्रै लिएनन्, पहिचानको आधारमा नामकरण नहुने देखिएपछि सभामुख प्रदिपकुमार भण्डारीलाई प्रदेशसभामा नामकरण प्रक्रियासमेत अघि बढाउन दिएनन् । सभामुख भण्डारीले पहिलो प्रदेशसभाको अन्तिम अधिवेशनमा नामकरणको प्रक्रिया अघि बढाउन खोजेपछि मुख्यमन्त्री राईले प्रदेशसभाको अधिवेशन नै अन्त्य गरिदिने धम्की दिएर नामकरण रोकेको प्रदेशसभा सचिवालयका कर्मचारीहरूको गुनासो छ । प्रदेशसभा सचिवालयका कर्मचारीहरूले मुख्यमन्त्री राईको पहिचान मोहले पहिलो प्रदेशसभाले नामकरण गर्न नसकेको गुनासो पोखेका थिए ।

पहिलो प्रदेशसभामा एमालेले कूल ५१, कांग्रेसले २१, माओवादी केन्द्रले १६, जसपाले ३, राप्रपा र संघीय लोकतान्त्रिक पार्टीले १/१ प्रदेश सांसद जितेका थिए । एमाले विभाजनपछि नेकपा (एकीकृत समाजवादी) मा प्रत्यक्ष निर्वाचित ५ र समानुपातिक ५ गरी १० जना प्रदेश सांसद गएका थिए ।

पहिलो प्रदेशसभामा प्रतिनिधित्व गर्ने आदिवासी जनजाति प्रदेश सांसदहरू पहिचानको आधारमा प्रदेशको नामकरण हुने पक्षमा थिए भने खस, आर्य, ब्राह्मण, क्षेत्री, मधेसीलगायत प्रदेशसभा सदस्यहरू भूगोलको आधारमा नामकरण हुनुपर्ने पक्षमा देखिएका थिए । पहिलो प्रदेशसभामा क्षेत्री, बाहुन ३३, आदिवासी जनजाति

❖ बाँकी अन्तिम पृष्ठमा

काठमाडौं महानगरविरुद्ध उत्रिए सुकुम्वासी

झापा(प्रस) ।काठमाडौंको थापाथली प्रसूति गृह सडकखण्डमा सोमबार दिउँसो प्रहरीको बाक्लो उपस्थिति भइरहँदा वाग्मती किनारको सुकुम्बासी बस्ती आक्रोशित देखिन्थ्यो । अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति र काठमाडौं महानगरपालिकाको टोली बस्ती खाली गराउने सूचना पाएपछि उक्त क्षेत्रका स्थानीयहरु महानगरले दमन गरे प्रतिकार गर्ने भन्दै प्रदर्शनको तयारीमा

देखिन्थे ।

टोल प्रवेशद्वारमै रहेको प्रहरी सुरक्षा बिटमा प्रहरीको उपस्थिति बाक्लो थियो भने गेटमा स्थानीय भेला भएर नाराबाजी गर्दै थिए । काठमाडौं महानगरका नगरप्रहरी प्रमुख राजुनाथ पाण्डे डोजरसहित नगरप्रहरीको टोली लिएर जब बस्ती प्रवेश गर्न खोजे, स्थिति तनावग्रस्त बन्यो ।

महानगरको नगर प्रहरी बलको टोली बस्ती पुग्नुअघि नेपाल प्रहरीका डीएसपीको कमान्डमा सुरक्षाकर्मीहरु बस्ती अगाडि जम्मा भएका थिए । तर, नगर प्रहरीको टोली आएपछि प्रहरी दोस्रो घेरामा बस्यो । महानगरले डोजर लगाउन खोजेपछि स्थानीयले टल्किने हरियो ज्याकेट लगाएर महानगरका नगर प्रहरीलाई ढुंगा प्रहार गरे । डोजर लिएर बस्ती छिर्न खोजेपछि स्थानीयको भीडले महानगरको टोलीलाई ढुंगा प्रहार गर्दा पाण्डेसहित दजर्नभन्दा बढी नगर प्रहरी घाइते भए ।

झापामा धानको उत्पादकत्व बढ्यो

झापा(प्रस) । झापामा वर्षे धानको उत्पादकत्व बढेको छ ।

गत वर्षभन्दा धान खेतीको क्षेत्रफल घटेपनि यस वर्ष धानको उत्पादकत्व बढेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए । यस वर्ष जिल्लामा वर्षे धानको उत्पादकत्व चार दशमलव ८९ मेट्रिक टन प्रतिहेक्टर रहेको उनले बताए । आ.व २०७७/०७८ र आ.व २०७८/०७९ मा वर्षे धानको उत्पादकत्व चार दशमलव ८५ रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आ.व २०७७/०७८ मा ८५ हजार सात सय ५० हेक्टरमा धान खेती गरिएको थियो । गत वर्ष जिल्लामा ८७ हजार पाँच सय हेक्टरमा धान खेती गरिएपनि यस वर्ष ८६ हजार ६ सय २५ हेक्टरमा मात्र धान रोपाइँ भएको थियो । प्लटिङ्लगायतका भू-खण्डीकरणका कारण जिल्लामा धान खेतीको क्षेत्रफल केही घटेपनि उत्पादन बढेको उनले बताए । त्यस्तै, जिल्लामा आ.व २०७८/०७९ मा १९ हजार आठ सय हेक्टरमा चैते धान खेती गरिएको थियो । यसको उत्पादकत्व पाँच दशमलव दुई मेट्रिक टन प्रतिहेक्टर रहेको केन्द्रले जनाएको छ ।

संजिवनी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड , झापा

कर्मचारी आवश्यकता

विज्ञापन नं ००१/२०७९/०८०

पद- बजार प्रतिनिधि काम गर्ने ठाउँ- भद्रपुर नगरपालिका

निवेदन दिने म्याद-२०७९ मंसिर २३ गते शुक्रवारसम्म

योग्यता- १८ देखि ४० वर्षको बीचमा , नेपाली नागरिक , एसईई उत्तीर्ण

निवेदन- हस्तलिखित दस्तुर- रु २००/

निवेदन दिने ठाउँ- संस्थाको सेवाकेन्द्र भद्रपुर-१०, लेखनाथ चोक

आवश्यक संख्या-केही तलब सुविधा- संस्थाको नियम अनुसार

सम्पर्क मिति- २०७९ मंसिर २५ गते दिउँसो ३ बजे अगाडि

सरकार लोकतान्त्रिक बाम गठबन्धनको बन्छः सिटौला

बाह्रदशी(प्रस) । नेपाली काँग्रेसका नेता कृष्णप्रसाद सिटौलाले नेपाल र नेपालीको भविष्य बहुलवादमा आधारित संघीयता, गणतन्त्र र धर्म निरपेक्षतामा सुरक्षित रहेको बताएका छन् ।

झापा ३ अन्तर्गत बाह्रदशीमा मतदातालाई धन्यवाद ज्ञापन गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेता सिटौलाले बहुलवादसंग गासिएर आएको संघीयता गणतन्त्र र धर्म निरपेक्षताको विपक्षमा जाने हो भने नेपाल र नेपालीको भविष्य निरंकुशतामा अल्झने बताएका हुन् ।

उनले आगामी सरकार लोकतान्त्रिक बाम गठबन्धनको बन्ने बताउँदै पाँच बर्षसम्म लोकतान्त्रिक बाम गठबन्धनकै सरकारले नेपाली राजनीतिको नेतृत्व दिने बताए । निर्वाचनले दिएको परिणामलाई हेर्ने हो भने नेपालको राजनीति नेपाली काँग्रेस, एमाले र माओवादी केन्द्रकै

सेरोफेरोमा रहने देखिएको भन्दै सिटौलाले निर्वाचनको परिणामबाट मतदातालाई नआत्तिन अनुरोध गरेका छन् ।

उनले झापा क्षेत्र नं. ३ को समग्र विकासका लागि आफू सधै क्रियाशील हुने बताउँदै चुनावमा हार जित स्वाभाविक भएकोले दुःख नमानी आगामी दिनका लागि संगठन विस्तार गर्दै विकास निर्माणको कामको वातावरण बनाउन गठवन्धनका सहकर्मी सवैलाई आव्हान समेत गरेका छन् ।

कार्यक्रममा प्रदेशसभा उम्मेदवार पूर्णप्रसाद राजवंशीले निर्वाचनले आफूहरुलाई नयाँ पाठ सिकाएको भन्दै आफूबाट भएको कमिकमजोरी आत्मसात गरेर अगाडि बढ्ने बताएका छन् ।

नेपाली कांग्रेस बाह्रदशीका सभापति इन्द्र बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य माओवादी केन्द्रका अध्यक्ष टंक कार्कीले गरेका थिए भने कार्यक्रमको सहजीकरण नेपाली कांग्रेस बाह्रदशीका सचिव युवराज अधिकारीले गरेका थिए ।

बिर्तामोडमा मेयर पकेट कार्यक्रम

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले मेयर पकेट कार्यक्रमलाई यस वर्ष पनि अघि बढाएको छ। सोमवार नगर प्रमुख पवित्रा महतारा प्रसाईले मेयर पकेट कार्यक्रमअन्तर्गत बाख्रापालन तथा बंगुरपालनका लागि आवेदन दिने महिला कृषक समूहहरुको अनुगमन गरिन् ।

नगर प्रमुख प्रसाईले मेयर पकेट कार्यक्रमअन्तर्गत रहेका ग्रामीण महिला बाख्रा साटासाट कार्यक्रम र ग्रामीण महिला बंगुर साटासाट कार्यक्रमअन्तर्गत समूह छनोटको लागि फिल्ड अनुगमन गरेकी हुन् । वडा नम्बर ७ को नवज्योति महिला कृषि समूह, वडा नम्बर ८मा रहेको नवजागरण बाख्रापालन कृषक समूह र वडा नम्बर ९मा रहेको संझना महिला कृषक समूहको अनुगमन भएको हो ।

अनुगमनबाट छनोटमा परेका कृषक समूहहरुलाई नगरपालिकाले बाख्रा तथा बंगुरका पाठा वितरण गरिने पशुपंछी

तथा मत्स्य विकास शाखाकी प्रमुख सावित्रा दाहालले जानकारी दिइन् । उनले मापदण्ड अनुसार समूहमा १५ जना सदस्य अनिवार्य रहनु पर्ने र छनोटमा परेका बाख्रापालन समूहको लागि ४५ वटा र बंगुरपालन समूहका लागि ३० वटा पाठा वितरण गर्ने बताइन् । यस कार्यक्रमअन्तर्गत बाख्रापालन समूहलाई एउटा वीउ बोका समेत वितरण हुने जनाइएको छ ।

नगरपालिकाले बाख्रा तथा बंगुरपालन गर्ने समूहका कृषकहरुलाई खोर निर्माणका लागि ३५ हजार रुपैयाँ पनि प्रदान गर्ने गरेको छ । हुनसक्ने क्षतिलाई कम गर्न बाख्रा तथा बंगुरको बिमा समेत गरेर समूहलाई प्रदान गर्ने गरेको जनाइएको छ । बाख्रा तथा बंगुर प्राप्त गर्ने समूहहरुले पहिलो वर्षको अन्तिममा त्यति नै संख्यामा अर्को समूहलाई पाठा हस्तान्तरण गर्नुपर्ने नियम रहेको छ ।

नगर प्रमुख प्रसाईले ग्रामीण भेगमा रहेका गरिब,दलित,आदिवासी,जनजाति तथा पिछडिएका महिलाहरुको जीवनस्तर उकास्नको लागि आर्थिक वर्ष २०७४/०७५ सालदेखि बिर्तामोडमा मेयर पकेट कार्यक्रम निरन्तर लागु गरिँदै आएको बताइन् । उनले छनोटमा परेका समूहहरुको लागि तालिमको समेत व्यवस्थापन गरिएको जानकारी दिइन् ।

नगरपालिकाले पशुपंछी तथा मत्स्य विकास शाखामार्फत बाख्रापालन,बंगुरपालनलगायत गाईगोठ सुधार,बाख्राको खोर सुधार, पोषिलो घाँस उत्पादन र मत्स्यपालन कृषक समूहको लागि समेत विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

नगरले पशुपंछी तथा मत्स्य विकास शाखामा आवेदन दिने समूहहरुमध्ये आधारभूत मापदण्डका आधारका बाख्रा तथा बंगुरका पाठा वितरण गर्ने गरेको छ । अनुगमन टोलीमा नगरप्रमख प्रसाई, वडा नम्बर ७ का वडाध्यक्ष कृष्णप्रसाद खरेल अविरल,पशुपंछी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहाल, निमेश थापालगायत रहेका थिए ।

नवनिर्वाचित...

४०, मधेसी आदिवासी १५, पहाडी दलित ३ र मुस्लिम २ जना प्रदेश सांसद थिए । पहिचान पक्षधर आदिवासी जनजाति र जसपाका गरी प्रदेश सांसदको कूल संख्या ४१ थियो जुन नामकरणका लागि पर्याप्त थिएन । दुईतिहाइ बहुमतले प्रदेशको नामकरण गर्ने संवैधानिक व्यवस्था बमोजिम पहिचान र भूगोल पक्षधर दुबैमध्ये कुनै पक्षमा दुईतिहाइ प्रदेश सांसद नभएकाले प्रदेशको नामकरण थाती रहन गएको हो । नवनिर्वाचित प्रदेश सांसदमा पहिचान पक्षधर आदिवासी जनजातिको संख्या केही घटेको र भूगोल पक्षधर ब्राह्मण, क्षेत्रीको संख्या केही बढेर आएकाले यसपटक पनि प्रदेशले नाम पाउनेमा आशंका छ । प्रत्यक्षतर्फ आदिवासी जनजाति २१, क्षेत्री, बाहुन २८, मधेसी आदिवासी ६ र मुस्लिम १ जना प्रदेश सांसदको प्रतिनिधित्व निश्चित भएको छ । समानुपातिकबाट आदिवासी जनजाति १७, ब्राह्मण क्षेत्री १०, मधेसी आदिवासी ५, दलित ४ र मुस्लिम १ जना प्रदेश सांसदको प्रतिनिधित्व हुने संवैधानिक व्यवस्था छ । यसरी प्रदेशसभामा आदिवासी जनजाति र ब्राह्मण क्षेत्री ३८/३८, मधेसी आदिवासी ११ दलित ४ र मुस्लिम प्रदेश सांसदको प्रतिनिधित्व २ हुने देखिन्छ । प्रदेश नामकरणका लागि आवश्यक दुईतिहाइ अर्थात् ६२ प्रदेश सांसद पहिचान र भूगोल पक्षधरमध्ये कुनै पक्षलाई यसपटक पनि पुग्ने अवस्था नभएकाले नामकरण थप पेचिलो बनेको छ ।

यस प्रदेशस्थित ५६ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये ५२ क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भइसकेको हो । जसमा एमालेले २४, कांग्रेस १५, माओवादी केन्द्र ९ नेकपा (एकीकृत समाजवादी) ३ र राप्रपाले २ वटा क्षेत्र जितिसकेका छन् । बाँकी रहेको ३ वटा क्षेत्रमध्ये सुनसरीको ४(१) र ४(२) मा कांग्रेस जित निकट रहेको तर अन्तिम मतपरिणाम सार्वजनिक हुन बाँकी छ । सुनसरी ३(२) मा एमालेको अग्रता रहेकाले एमाले गठबन्धनको सरकार बन्ने देखिएको हो । एमालेको सरकार बन्नेमा समानुपातिक मतको रुझान पनि देखिएको छ ।

प्रदेश सांसदमा एमालेबाट निर्वाचित भएकामध्ये मुख्यमन्त्रीका मुख्य प्रतिस्पर्धी मानिएका हिक्मत कार्कीले आफूहरूको सरकार बने प्रदेश नामकरण पहिलो प्राथमिकतामा राखेर टुंगो लगाउने प्रतिबद्धता जनाए । उनले सरकारमा नगए पनि प्रदेशको नामकरण पहिलो प्राथमिकतामा राखेर नै अघि बढ्ने बताए ।

सत्ता गठबन्धन दलमा मुख्यमन्त्रीका आकांक्षीहरूमध्ये आन्तरिक मामिला तथा कानुनमन्त्री कांग्रेसका केदार कार्कीले पनि दोस्रो प्रदेशसभाको पहिलो अधिवेशनबाट नै प्रदेशको नामकरणका लागि प्रक्रिया सुरु गराउने प्रतिबद्धता जनाए ।माओवादी केन्द्रबाट मुख्यमन्त्रीका आकांक्षीमध्येका आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ् बो र एकीकृत समाजवादीबाट मुख्यमन्त्री राजेन्द्र कुमार राईले नामकरण पहिलो प्राथमिकतामा राखेर प्रदेशसभामा प्रस्तुत हुने प्रतिबद्धता जनाएका छन् ।

प्रतिनिधिसभामा...

हासिल गरेर चौथो स्थान लिएको छ । यो पार्टी पहिलो पटक प्रतिनिधिसभा निर्वाचनमा उठेको हो । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी र पहिलो पटक निर्वाचन प्रक्रियामा सामेल भएको रवि लामिछाने नेतृत्वको समाजवादी पार्टीले ७-७ स्थानमा विजय हासिल गर्दै पाँचौ नम्बरमा रहेका छन् । जसपा यसअघि चौथौ स्थानमा रहेको थियो ।

उता, अघिल्लो प्रतिनिधिसभामा एक सिटमा मात्रै सीमित भएको राष्ट्रिय प्रजातन्त्र पार्टीले यसपटक सात सिटमा विजय हासिल गरेको छ भने पाँचौ स्थानमा रहेको महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी चार सिटमा खुम्चिएको छ ।

पहिलो पटक प्रतिनिधिसभामा उम्मेदवार बनाएको रेशमलाल चौधरीआवद्ध नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिम प्रदेशवाट तीन सिटमा विजय हासिल गर्दा राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टी १-१ स्थानमा विजयी भएका छन् ।

विगतमा माओवादी केन्द्रबाट विजय हासिल गर्दै आएका प्रभु साहले यसपटक स्वतन्त्र उम्मेदवारी दिएका थिए । उनले रौतहट-३ बाट स्वतन्त्र उम्मेदवार भई रहँदा मुलुकभर पाँच जनाले स्वतन्त्रबाट विजयी हासिल गरेका छन ।

फरार प्रतिवादी १२ वर्षपछि पक्राउ

झापा(प्रस) । डाका र जबरजस्ती करणी मुद्धामा फरार एक प्रतिबादी १२ वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा साविक सुरुङ्गा गाविस वडा नं.४ हाल कन्काई नगरपालिका वडा नं.४ बस्ने ७७ वर्षिय धनपति ढुङ्गाना रहेका छन् । झापा जिल्ला अदालतको मिति २०६७ पुष १३ गतेको फैसला अनुसार डाका र जबरजस्ती करणी मुद्धामा ६ बर्ष कैद र ७५ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले सोमवार पक्राउ गरेको हो । झापा जिल्ला अदालत चन्द्रगढीमा उपस्थित गराई अदालतको आदेशले कैद भुक्तानको लागि झापा कारागार पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

श्री पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि.
बिर्तामोड-३ , झापा

साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको २० औं वार्षिक साधारणसभा यही मिति २०७९ मंसिर २८ गते बुधबारका दिन हुने भएको हुँदा उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम
मिति : २०७९ मंसिर २८ गते बुधबार
समय : बिहानको ११:०० बजे
स्थान : नेत्रहिन संघको भवन , बिर्तामोड ३ बिर्ताबजार

यादवकुमारी तिम्सिना
अध्यक्ष

अर्जुनधारा नगरकार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १, नेपाल

अर्जुनधारा नगरपालिकाको विज्ञापन कर सम्बन्धी सूचना

प्रकाशित मितिः २०७९/०८/१३

यस अर्जुनधारा नगरपालिकाले नगरपालिका क्षेत्रभित्र व्यक्तिगत तथा संस्थागत रुपमा सूचनात्मक तथा विज्ञापन गरेको विज्ञापन-सूचनाको नगरपालिका र ठेकेदार पक्ष श्री श्रीभा टेक्निकल इन्स्टिच्युट प्रा.लि बीच ठेक्का सम्झौता भइसकेकाले तपशिल बमोजिमका दरमा निज ठेकेदार पक्षले विज्ञापन गर्ने वा राख्नेबाट नगरपालिकाबाट छाप लगाईएका रसिदबाट कर उठाउने हुँदा सो कार्यमा सरोकारवालाले सहयोग गर्न जानकारीसाथ अनुरोध छ ।

विज्ञापन कर दररेट

क्र स.	राजस्वको क्षेत्रहरु	दर	कैफियत
१	होडिंग बोर्ड/डिजिटल बोर्ड प्रति वर्ग फुट	७५.००	वार्षिक
२	लाइट बोर्ड प्रति वर्ग फुट	९०.००	वार्षिक
३	भित्ते लेखन बोर्ड प्रति वर्ग फुट	२०.००	वार्षिक
४	तुल व्यानर प्रतिव्यानर प्रति रनिंग फुट	१००.०० प्रति व्यानर	वार्षिक
५	विद्युत पोलमा पेन्टिंग गर्नेलाई प्रति वर्ग रनिंग फिट	२०.००	वार्षिक

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि
मूल कार्यालय : बिर्तामोड-२,चारपाने
प्रथम पटक प्रकाशित मिति : २०७९/०८/१३

अन्तिम लेखा परीक्षणका लागि कोटेशन आह्वान

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को आ.व.२०७९/२०८० को अन्तिम लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति गर्नुपर्ने भएको हुँदा नेपाल चार्टर्स एकाउन्टेन्स् संस्थाबाट लेखा परीक्षण गर्न (क) वर्गको इजाजत प्राप्त इच्छुक लेखा परीक्षण फर्म/संस्थाले लेखा परीक्षण शुल्कसहित संस्थाको मूल कार्यालय बितामोड-२,चारपानेमा प्राप्त हुनेगरी निवेदन पेश गर्नुहुन सूचना आह्वान गरिन्छ ।

संस्थाको संक्षिप्त जानकारी र लेखा परीक्षणमा आवश्यक विवरणहरू :

१. संस्थामा हाल वित्तीय व्यवसाय (बचत तथा ऋण कारोवार) संचालन रहेको छ ।
२. यस संस्थाको ६ वटा जिल्लामा सेवाकेन्द्रहरु रहेका छन् र बचत कारोवार कुल ७९ वटा सेवाकेन्द्रहरुमा संचालन भइरहेका छन् ।
३.लेखा परीक्षण शुल्क उल्लेख गर्दा लेखा परीक्षण, यातायात खर्च, खान बस्नलगायत लेखा परीक्षण कार्यसंग सम्बन्धित सम्पूर्ण रकम एकमुष्ट कोटेशनमा उल्लेख गर्नु पर्ने छ । स्वीकृति रकम एकमुष्ट रकमका आधारमा संस्थाले भुक्तानी गर्ने छ । सेवाकेन्द्रमा पुग्ने यातायातको ब्यवस्थापन संस्थाले गर्ने छ ।
४. संस्थाको कार्तिक मसान्तसम्मको वासलात अंक रकम रु १५ अर्ब रहेको छ ।
५. कोटेशन संस्थाको आधिकारीक इमेल ठेगाना E-mail saharanepal@ntc.net.np मार्फत पनि पेश गर्न सकिने छ ।
६. कोटेशन पेश गर्ने अन्तिम मिति २०७९/०८/१९ गतेसम्म रहने छ ।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मुल कार्यालय बिर्तामोड - २, चारपाने, झापा
फोन नं. ०२३-५४११९८,०२३-५४१७१६

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

दलहरू सच्चिनुको विकल्प छैन

बहुमत कसैको पनि नआएकाले विभिन्न दलकै मिलिजुलीमा सरकार बन्ने निश्चित छ। दलले गठबन्धन गरेर सरकार बनाउने भएकाले त्यस्तो सरकारबाट खासै प्रभावकारी काम हुन सक्छ भन्ने आशा गर्न सकिँदैन। त्यसमा पनि वर्तमान गठबन्धनधारीबाट देश समृद्धि र सुशासनमा अघि बढ्छ भन्ने आशा कमै छ। जनताले गठबन्धनलाई खासै रुचाएनन्। यो त परिणामबाट पनि प्रस्ट नै छ। चुनावको परिणाम आइरहँदा दलप्रतिको वितृष्णा देखिन्छ ।यद्यपि, जनताले यसपटक दललाई सच्चिएर अघि बढ्नुपर्ने म्यान्डेट दिएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीको उदय अहिलेका दललाई वार्निङ हो। यसरी वार्निङ गर्दा पनि दल नसच्चिएर उस्तै किसिमको कुशासन मच्चाउने हो भने अब यी दल र तिनका नेतालाई इतिहासमा खोज्नु पर्ने दिन पनि आउन सक्छ। हालको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीको जबर्जस्त उदय भएको छ। हालका शासकको गलत रवैया र जनतालाई पटक पटक घात गर्ने प्रवृत्तिका कारण जनताहरू वाक्कदिक्क छन्। त्यही वाक्कदिक्क हुदाको परिणामस्वरूप जनताले विकल्पका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई अघि बढाएका हुन्। यद्यपि, राष्ट्रिय स्वतन्त्र पार्टीले केही सहरी क्षेत्रमा मात्रै आफ्नो उपस्थिति देखाउन सकेको छ। यसले ग्रामीण क्षेत्रमा आफ्नो उपस्थिति खासै देखाउन सकेको छैन। यसले पनि के संकेत गर्छ भने जनताले पुरानै दल र तिनका नेतालाई सच्चिने मौका दिएका हुन्।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको जन्म जनताको सामान्य विद्रोह मात्रै हो। यदि, देश अहिलेकै गठबन्धनले चलायो र सुधार गर्न सकेन भने अबको केही समयभित्र जनताको धैर्यताको बाँध टुट्न सक्छ। जनता सडकमा नै उत्रिएर दल र तिनका नेतामाथि जाइलाग्न सक्छन्

जेसुकै भए पनि यी दलले हिजो लोकतन्त्र र गणतन्त्र ल्याउन ठूलो लडाइँ र कुर्वानी गरेकै हुन्। फेरि राजनीतिक दल भनेका राजनीतिक प्रणालीका जीवनरेखा जस्तै हुन्। त्यसैले, हामीले लोकतन्त्रमा दलको विकल्प खोज्न सक्दैनौं। दलको विकल्प भनेको सुधारिएको र सक्षम एवं इमानदार नेतृत्वसहितको दल नै हो। त्यसैले हामीले दलको विकल्प खोज्नु हुँदैन। दलका नेतालाई लगातार खबरदारी गरिरहने हो। जनता कसैका पेवा होइनन् उनीहरूले चुनावमा मत परिवर्तन गर्न सक्छन्। यसलाई दलले शिक्षाका रूपमा लिएर सच्चिएर अघि बढ्नुको विकल्प छैन।

मिलीजुली सरकारको जनादेश

• रामजी दाहाल

मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रत्यक्ष र समानुपातिक दुवै सिट जोड्दा सरकार गठनका लागि बहुमत पुग्ने सत्ता गठबन्धनको निष्कर्ष छ। प्रतिनिधिसभाको प्रत्यक्ष १६५ क्षेत्रमध्ये दोलखा, स्याङ्जा र बाजुराबाहेकको मतपरिणाम करिब सार्वजनिक भइसकेको छ। प्रत्यक्षमा सबैभन्दा धेरै सिट कांग्रेसले हात पारेको छ भने समानुपातिकतर्फ एमाले अगाडि छ। समानुपातिकको मतगणना र सिट बाँडफाँटको काम यसै साताभित्र पूरा हुनेछ। प्रत्यक्षमा कांग्रेसभन्दा कम सफलता पाएका कारण समानुपातिकमा एमाले जति अगाडि भए पनि कांग्रेस संसद्को सबैभन्दा ठूलो दल हुने निश्चित छ। प्रत्यक्ष र समानुपातिकमा गरी ९० सिटको हाराहारी जित्ने कांग्रेसको अनुमान छ। निर्वाचनको अन्तिम परिणाम आइनसके पनि नयाँ सरकार गठनका सम्बन्धमा प्रमुख दलका शीर्ष नेताबीच छलफल सुरु भइसकेको छ। लामो समयको मौनता तोड्दै एमाले अध्यक्ष केपी ओलीले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई टेलिफोन गरेर फेरि कम्युनिस्ट गठबन्धनका लागि आग्रह गर्नुको अन्तर्य कांग्रेस नेतृत्वको पाँचदलीय गठबन्धन भत्काउनु नै हो। ओलीले राजनीतिक बेइमानी गरेको भन्दै डेढ वर्षअघि कांग्रेस गठबन्धनमा जोडिएका दाहाल पाँचदलीय गठबन्धनलाई निरन्तरता दिने पक्षमा छन्। कांग्रेस सभापति देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको जोड पनि पाँचदलीय गठबन्धनमै छ।

गठबन्धनमा आबद्ध पाँच दलबीच पदको बाँडफाँट कसरी मिलाउने भन्ने अहिलेको प्रमुख चासो हो। त्यसमा पनि कांग्रेस सभापति देउवाको चाहना पहिलो कार्यकाल प्रधानमन्त्री हुने देखिन्छ। पाँच वर्षअघि प्रधानमन्त्रीको आश्वासन पाएर पनि ओलीबाट धोका पाएका माओवादी अध्यक्ष दाहाल फेरि पनि उधारो सहमति गर्दा कांग्रेसबाट धोका हुने हो कि भन्ने संशयमा छन्। त्यसो त अघिल्लो पटक कांग्रेसको समर्थनमा प्रधानमन्त्री बनेर अध्यक्ष दाहालले नै २०७४ मा स्थानीय तहको निर्वाचन गराएका पनि हुन्। त्यस हिसाबले दाहालका लागि उधारो नै भए पनि कांग्रेससँगको आश्वासन भरपर्दो देखिन्छ। त्यसो त निर्वाचनमा जानुअघि पाँचदलीय गठबन्धनबीच निर्वाचनपछि पनि गठबन्धनलाई निरन्तरता दिने सहमति भएकै हो। त्यही सहमतिअनुसार नयाँ सरकार गठनका लागि कम्तीमा भखरैको चुनावमा सँगै हिँडेका नेताहरू इमानदार हुनुपर्छ। २०७४ को चुनावपछि ओली नेतृत्वको झन्डै दुईतिहाइको सरकार आन्तरिक विवादका कारण पूरा अवधि टिक्न नसकेपछि कांग्रेस नेतृत्वको पाँचदलीय गठबन्धन सुरु भएको हो। चुनावमा जानुअघि राजनीतिक स्थायित्वलाई पाँचदलीय गठबन्धनको एउटा प्रमुख एजेन्डा बनाइएको थियो। मतदातासँग उनीहरूले राजनीतिक स्थायित्वका लागि भन्दै पाँचदलीय गठबन्धनका पक्षमा भोट मागेका पनि हुन्। चुनाव सम्पन्न भएको दुई साता नबिन्दै मतदातासामु गरेका प्रतिबद्धताबाट पछाडि हटेर दलहरू फेरि पनि स्वार्थमा अल्मलिए भने त्यसले जनतामा निराशा थप्नेबाहेक केही काम गर्दैन।

विगतको पाठ

ठूलो दल भएर पनि गणितीय हिसाबले कांग्रेस एक्लै सरकार गठन गर्न सक्ने अवस्थामा छैन। त्यस अर्थमा निर्वाचनले दललाई मिलीजुली सरकार बनाउने म्यान्डेट दिएको बुझ्न सकिन्छ। कांग्रेस र एमाले मिलेको अवस्थामा बाहेक दुई दलको सरकार गठन हुन पनि सक्दैन। त्यसकारण सरकारको नेतृत्व गर्नका लागि तयार हुने कांग्रेस वा एमालेका लागि कम्तीमा चार दललाई एकै ठाउँमा ल्याउनुपर्ने बाध्यता छ। सरकारमा जति धेरै दल जोडिनुपर्ने बाध्यता हुन्छ, त्यति नै सरकार अस्थिर हुने गरेको विगतको घटना छ। त्यसैले राजनीतिशास्त्रीले नेपालको संसद् २०५१ को मध्यावधिपछिको अवस्थामा फर्किएको टिप्पणीसमेत गरेका छन्। हुन पनि निर्वाचनपछि संसद्को अंकगणितमा ठूलै फेरबदल भएको छ। एमाले, माओवादी र मधेशकेन्द्रित दलको शक्ति घटेको छ भने कांग्रेस र राप्रपाले शक्ति आर्जन गरेका छन्। उनीहरूको सिट सङ्ख्या उल्लेख्य वृद्धि भएको छ। राजावादी शक्ति राप्रपाले २०४८ को चुनावमा जितेको चार सिटबाट बढाएर २० सिट पु-याएपछि २०५१ को मध्यावधि निर्वाचनमा उल्लेख्य शक्ति हात पारेको थियो। ठीक त्यसैगरी अघिल्लो संसद्को एउटा कुनामा हराएका एक्लो सांसद राजेन्द्र लिङ्देन प्रत्यक्षमा सात सिट तथा समानुपातिकमा उल्लेख्य जित हात पारेर संसद्मा राप्रपालाई राष्ट्रिय पार्टीको बलियो हैसियतमा पुऱ्याउन सफल भएका छन्। अर्कातिर संसद्मा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भएको छ, बलियो उपस्थितिसहित।

मधेशको राजनीतिमा दुई दशकअघि उदाएका क्षेत्रीय दुई दल जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लाई यो चुनावमा मतदाताले अस्वीकार गरिदिएका छन्। जब कि २०७४ को चुनावमा जसपाले ११ र लोसपाले १० सिट चुनाव जितेका थिए भने समानुपातिकमा छ-छ सिट थपिएको थियो। यसले उनीहरूको शक्ति थप आर्जन भएको थियो तर यो चुनावमा जसपा छ र लोसपा चार सिटमा खुम्चिन बाध्य भएका छन्। यी दुवै दलले समानुपातिकमा ३ प्रतिशतको थ्रेसहोल्ड कटाउन नसक्ने देखिएको छ। अर्थात् २०६२/६३ को परिवर्तनपछि यी दुई दल जसरी मधेशको राजनीतिमा उदाएका थिए, त्यसैगरी विसर्जनको बाटोमा अघि बढिरहेको अहिलेको चुनावी परिणामले देखाएको छ।

नयाँ सरकार गठनको चर्चा सुरु हुनासाथ हरेक पटक दुवै दलका नेताले नागरिकता समस्या समाधान गर्न संविधान संशोधनलाई प्रमुख मुद्दा बनाउने गरेका थिए। यसो हुँदा नागरिकता समस्या समाधान हुनेमा मधेशका जनता ढुक्क थिए तर उपेन्द्र यादव र राजेन्द्र महतो पालैपालो सरकारमा गए, नागरिकताको मुद्दालाई सधैं सत्ताको भऱ्याङ बनाइरहे। यसो हुँदा उनीहरूप्रति खासगरी मधेशी जनताको भरोसा गुम्न गएको चुनावमा अभिव्यक्त जनमतबाटै पुष्टि हुन्छ। जसपा र लोसपा विसर्जनको बाटोमा अघि बढिरहेका बेला मधेशमा जनमत पार्टी र नागरिक उन्मुक्ति नामक नयाँ शक्तिको उदय हुन पुगेको छ। थुनामा रहेका रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीले तीन सिट तथा विखण्डनवादी नारा छाडेर आएको सीके राउत नेतृत्वको जनमत पार्टीले एक सिट जित हात पारेको छ।

निर्वाचन हुनु पाँच महिनाअघि ७ असारमा घोषणा गरिएको राष्ट्रिय स्वतन्त्र पार्टीले अनपेक्षित ढङ्गले आठ क्षेत्रमा जित हात पारेको छ। प्रत्यक्ष चुनाव जितेकाहरू नयाँ अनुहारका युवा छन्। समानुपातिकमा समेत उल्लेख्य मत पाएर स्वतन्त्र पार्टी संसदमा चौथो ठूलो शक्तिका रूपमा स्थापित हुँदैछ। कांग्रेस, एमालेजस्ता परम्परावादी शक्तिले युवापुस्ताको माग सम्बोधन गर्न नसकिरहेको सन्दर्भमा जन्मिएको स्वतन्त्र पार्टीले युवाको प्रतिनिधित्व गर्ने प्रयास गरेको छ। स्वतन्त्र पार्टीले पाएको मतको अर्को सन्देश कांग्रेस, एमालेजस्ता मूलधारका दललाई सच्चिएर अघि बढ भन्ने नै हो। आजनतामा पुराना दल र तिनका नेताप्रति जुन ढङ्गबाट असन्तुष्टि चुलिएको छ, त्यसलाई सम्बोधन गर्दै दलीय नेतृत्व सच्चिन सक्छ कि सक्दैन भन्ने नै अहिलेको मूल प्रश्न हो। हुन त स्वतन्त्र पार्टी र यसको नेतृत्वको परीक्षण हुन बाँकी नै छ। सत्तास्वार्थमा अल्मलिए भने अर्को चुनावमा रास्वपाले पनि जसपा, लोसपाजस्ता क्षेत्रीय दलकै नियति भोग्नुपर्ने हुन्छ।

यस पटकको निर्वाचनमा मतदातामा खासै उत्साह देखिएन। सात महिनाअघि सम्पन्न स्थानीय तहको निर्वाचनमा ६४ प्रतिशत मत खसेकोमा अहिले ६१ प्रतिशतमा खुम्चिनुबाट पनि त्यसको पुष्टि हुन्छ। कतिसम्म भने निर्वाचनअघि केही जिल्लामा पुगेर स्थानीय मतदातासँग कुराकानी गर्दा बाटोघाटो, खानेपानी र बिजुलीको काम स्थानीय सरकारबाटै हुन्छ भने सिंहदरबारमा अरूलाई पु-याउन किन भोट हाल्नु भन्ने पनि सुनियो। नागरिकमा व्याप्त यो हदको निराशाको निशाना व्यक्तिविशेषभन्दा पनि समग्र पद्धति हुने खतरा देखिन्छ। हुन पनि पछिल्लो समय संसदीय अभ्यास कमजोर भएको छ। संसदीय अभ्यास बलियो बनाउने प्रमुख दायित्व जनप्रतिनिधिकै हो। जनप्रतिनिधिका बोली र व्यवहार ठीक भएन भने त्यसको असर सिङ्गो पद्धतिमा पर्न जान्छ। पद्धति बलियो बनाउने प्रमुख थलो संसद् हो।

जीवनभर राजनीतिमा सक्रिय कतिपय नेता एक महिनाअघि उम्मेदवारी दर्ता गराएका स्वतन्त्र पार्टीका उम्मेदवारबाट पराजित भएका छन्। यसो किन भयो त ? दलका नेताले बुझ्नुपर्छ कि मतपत्र हातमा परेपछि मतदातामा दल र तिनका उम्मेदवारप्रति यो हदको असन्तुष्टि बढेको होइन। त्यसलाई उनीहरूले मतदानमार्फत व्यक्त गरे। अर्थात् दलका नेतामा हिजोजस्तै हामीले जुन क्षेत्रमा जस्तो उम्मेदवार खडा गरे पनि हुन्छ। कार्यकर्ताले तत्काल असन्तुष्टि जनाए पनि भोट त हालिहाल्छन् नि भन्ने गलत बुझाइ हो। दललाई यो चुनावको अर्को सन्देश हो, स्थानीय सहमतिबिना केन्द्रले जबरजस्ती उम्मेदवार खडा गरेमा भोलिका दिनमा यसैगरी हार बेहोर्नुपर्ने हुन्छ।

निर्वाचनपछि संवैधानिक विकासक्रम

• डा.अर्जुनकुमार खड्का

२०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको परिणाम आउने क्रम जारी छ। अब केही दिनमा निर्वाचनको अन्तिम मतपरिणाम आउनेछ। हुन त यो परिणाम ल्याउनका लागि सम्पूर्ण नेपालीले आफ्नो ठाउँबाट मद्दत पुऱ्याएको अवस्था छ नै। जुन कार्य संविधानप्रति नागरिकको कर्तव्य पालनको एक महत्वपूर्ण अंश पनि हो। किनकि नेपालको संविधानको धारा ४८ ले संविधान र कानुनको पालना प्रत्येक नागरिकले गर्नुपर्ने कुरामा जोड दिएको छ। कुनै पनि देशमा संविधानभन्दा उच्च स्तरको वा समान स्तरको कानुन बनाइएको हुँदैन। संविधानसँग बाँझिने गरी कानुन बनाइँदैन र यदि बनाइएमा बाँझिएको हद जतिको कानुन स्वतः निष्क्रिय हुन्छ। यसैले संविधानलाई मूल कानुनको स्थान दिइएको मतलव संविधानको सर्वोच्च स्वीकार गरिएको हो र यसो गरिनु पनि आवश्यक छ। संविधानबमोजिम प्रजातान्त्रिक राज्य व्यवस्थाका तीन प्रमुख अङ्गमध्ये कार्यपालिका एक महत्वपूर्ण अङ्ग हो। सैद्धान्तिक रूपमा कार्यपालिका व्यवस्थापिकाप्रति उत्तरदायी हुने भए पनि व्यवहारमा संसदीय व्यवस्था अपनाउने र खासगरी वेस्ट मिनिष्टर मोडेलको संसदीय व्यवस्था भएका देशमा राज्यका तीन अङ्गमध्ये कार्यपालिकाले नै सबैभन्दा सक्रिय भूमिका खेलेको हुन्छ। नेपालको सन्दर्भमा मुख्यत २०१५ सालमा संसदीय शासन प्रणालीको सुरुवात भए पनि सो व्यवस्था लामो समयसम्म रहन सकेन जसले गर्दा ३० वर्षको दलविहीन व्यवस्थापश्चात् पुनः संसदीय पद्धतिको सुरुवात हुन पुग्यो।

तथापि २०४६ सालको आन्दोलनले २०४७ को संवैधानिक संसदीय प्रणालीअन्तर्गतको संविधान ल्याउन सफल भयो। यही संविधानले राजा, कार्यपालिकासहितको संसदीय पद्धतिलाई स्वीकार गरेको थियो। तर यो संविधानअन्तर्गतका व्यवस्था लामो समयसम्म रहन सकेन मुख्य गरी माओवादी युद्ध तथा २०६२/०६३ सालको जनअन्दोलनको प्रतिफलको रूपमा नेपालको अन्तरिम संविधान, २०६३ को जन्म हुन पुग्यो र यसै संविधानअन्तर्गत रही संविधान सभाको निर्वाचनमार्फत संविधानसभाबाट २०७२ सालमा नेपालको संविधान जारी हुन पुग्यो। यस संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने अभिप्राय लिएको छ। विश्वमा अहिले सबैभन्दा प्रचलित कार्यकारिणीको स्वरूप संसदीय कार्यकारिणी हो। जसले विश्व जनसंख्याको २८ प्रतिशत भाग ओगटेको छ। त्यसमध्ये केही देशमा संवैधानिक राजतन्त्रजस्तै जापान, थाइल्यान्ड आदिमा रहेको पाइन्छ भनी केही देशमा गणतन्त्र रहेको छ, जस्तै भारत, फ्रान्स। नेपालमा भने संघीय लोकतान्त्रिक गणतन्त्रलाई नेपालको संविधानले अङ्गीकार गरेको छ।

नेपालको संविधानको धारा २४५ ले नेपालमा एक निर्वाचन आयोग रहने संवैधानिक व्यवस्था गरेको र उक्त आयोगले संविधान र संघीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्न अधिकार पाएको छ। तत् अनुरूप स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरूले आफ्नो कार्य सुरु गरिसकेको अवस्था छ भनी प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको परिणाम आउने क्रम जारी रहेको अवस्था छ। संविधानको धारा ८४ बमोजिम प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात् प्रत्यक्ष निर्वाचनद्वारा १६५ तथा समानुपातिकतर्फ ११० जना गरी जम्मा २७५ जना सदस्य रहने गरी प्रतिनिधिसभाको व्यवस्था गरेको पाइन्छ। यस्तै संविधानको धारा १७६ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात् प्रत्यक्ष निर्वाचनद्वारा सातै प्रदेशमा ३३० तथा समानुपातिकतर्फ २२० जना गरी जम्मा ५५० जना सदस्य प्रदेशसभामा रहने व्यवस्था संविधानले गरेको छ। यसैले प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा गरी ८२५ सदस्यको परिणाम आउनुपर्ने देखिन्छ।

निर्वाचनको परिणाम आउने क्रमसँगै अबको दिनमा धेरै कार्य गर्नुपर्ने अवस्था संविधानतः देखिन्छ। यस्ता कार्यमा मुख्य गरेर नेपालको संविधानको धारा ७६ को उपधारा (८) बमोजिम प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको पैंतीस दिनभित्र राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने हुन्छ। तर यदि प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नुपर्ने संवैधानिक व्यवस्था छ। संविधानबमोजिम जसरी राष्ट्रपतिले सर्वोच्च अदालतलगायत अन्य संवैधानिक निकायका पदाधिकारीलाई नियुक्ति गर्ने व्यवस्था छ, तत् अनुरूप नै प्रधानमन्त्रीलाई पनि नियुक्त गर्नुपर्ने अवस्था रहन्छ र यसरी नियुक्त हुने प्रधानमन्त्रीले संविधानको धारा १०० बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ। तर नयाँ प्रधानमन्त्री नियुक्त गर्नका लागि संविधानको धारा ७७ को उपधारा (१) को खण्ड (क) बमोजिम वर्तमान प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष राजीनामा दिनुपर्ने देखिन्छ।

यसैगरी, प्रतिनिधिसभाको व्यवस्थापनतर्फ पनि संविधानको धारा ९३ को उपधारा (१) बमोजिम राष्ट्रपतिले प्रतिनिधि सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीसभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने र संविधानको धारा ९१ को उपधारा (५) बमोजिम प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने, र सोही व्यक्तिले प्रतिनिधि सभाका अरू सदस्यलाई सपथ खुवाउनुपर्ने व्यवस्था रहन्छ। संविधानको धारा ९१ बमोजिम प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधि सभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन गर्नेसम्बन्धी व्यवस्था संविधानले गरेको पाइन्छ। यसरी जब प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन सम्पन्न हुन्छ तब प्रतिनिधिसभाले विधिवत् आफ्नो कार्यमा प्रवेश गर्न सक्ने अवस्था रहन्छ तर विधेयक अर्थात् कानुन निर्माण गर्ने सन्दर्भमा राष्ट्रिय सभाको गठन नभएसम्म सक्ने देखिँदैन किनकि संघीय संसद् को रूपमा प्रतिनिधिसभा र राष्ट्रिय सभासहित दुवै सभा रहनुपर्ने व्यवस्था संविधानले गरेको छ।

अर्कोतर्फ, संविधानको धारा १६८ को उपधारा (८) बमोजिम प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको पैंतीस दिनभित्र प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था संविधानले गरेको अवस्था छ। तर प्रदेशसभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नु पर्ने अवस्था रहन्छ। यसरी नियुक्त भएको मुख्यमन्त्रीले संविधानको धारा १८८ बमोजिम विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

यसैगरी, प्रदेशसभाको व्यवस्थापनतर्फ संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश प्रमुखले प्रदेशसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले बीस दिनभित्र प्रदेशसभाको अधिवेशन आह्वान गर्नुपर्ने र संविधानको धारा १८२ को उपधारा (५) बमोजिम प्रदेशसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नुपर्ने व्यवस्था छ भनी उक्त ज्येष्ठ सदस्यले प्रदेश प्रमुखसमक्ष शपथ लिई प्रदेश सभाका अरू सदस्यलाई शपथ खुवाउनुपर्ने अवस्था छ। जब संविधानको धारा १८२ को उपधारा (१) बमोजिम प्रदेश सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रदेशसभाका सदस्यले आफूमध्येबाट प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्नेछन्। तत्पश्चात् प्रदेशसभाले संविधान तथा कानुनबमोजिम उल्लेख भएका आफ्नो कारबाही प्रारम्भ गर्न सक्ने अवस्था रहन्छ। अन्त्यमा संवैधानिक व्यवस्थाको पालनाका लागि प्रधानमन्त्री तथा प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नेलगायत प्रतिनिधि सभा तथा प्रदेश सभाको बैठक प्रारम्भ गर्ने। साथै, कानुन निर्माणबाहेक व्यवस्थापकीय गतिविधिमार्फत सरकारको काम कार्यलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, प्रभावकारी र जनउत्तरदायी बनाउनका लागि हरतरहले कार्य गर्ने तथा सुशासन कायम गर्न अनुगमन, नियन्त्रण, सुपरीवेक्षण गर्नेजस्ता कार्यका लागि समेत संविधानबमोजिम महत्वपूर्ण जिम्मेवारी व्यवस्थापिकाको हुन्छ। तथापि व्यवस्थापिकाभित्र पनि मूल केन्द्रबिन्दुको रूपमा तल्लो सभा अर्थात् प्रतिनिधिसभामा नै रहेको कुरा संसदीय व्यवस्थाको अवलम्बन गर्दै आएको विभिन्न मुलुकको संवैधानिक, कानुनी तथा परम्परागत प्रचलन रहेको र जुन कुरालाई नेपालको संविधानले पनि अवलम्बन गरेको अवस्था हुँदा संविधानको व्यवस्था अनुरूपको कार्य गर्नका लागि अबका केही दिनमा संविधानमा रहेको धेरै धाराको क्रियाशीलता बढ्दै जाने देखिएको छ।

प्रतिनिधिसभामा १३ दलको प्रतिनिधित्व, स्वतन्त्र पाँच जना

झापा(प्रस) । हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमार्फत १३ राजनीतिक दल संघीय संसदमा प्रतिनिधित्व गर्न योग्य भएका छन् । निर्वाचन आयोगको मत परिणाम अन्तिमतर्फ पुगिरहेको बेला प्रतिनिधिसभामा १३ दलसहित ६ जना स्वतन्त्र उम्मेदवारले विजय हासिल गरेका छन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको एक सय ६५ सिटमध्ये एक सय ६२ सिटको प्रत्यक्षतर्फको निर्वाचन परिणाम घोषणा हुँदा कांग्रेस ५३ सिटसहित पहिलो स्थानमा रहेको छ । यसैगरी, यसअघि प्रतिनिधिसभामा पहिलो दल रहेको एमालेले कांग्रेसभन्दा नौ सिट कम रहँदै ४१ स्थानमा विजय हासिल गरेको छ ।

उता, अघिल्लो पटक ३६ सिटमा विजय हासिल गरेको माओवादी केन्द्र यसपटक १७ सिटमा सीमित भएर तेस्रो स्थानमा रहेको छ । माओवादी यसअघि पनि तेस्रो स्थानमा थियो ।

एमालेबाट विभाजन भएको एकीकृत समाजवादीले १० सिटमा विजय

❖ बाँकी अन्तिम पृष्ठमा

सिरियामा तैनाथ नेपाली शान्ति सैनिकहरूको अदलीबदली

झापा(प्रस)। संयुक्त राष्ट्रसंघको डिसइन्गेजमेन्ट अब्जर्बर फोर्स (युएनडिओएफ) सिरियामा तैनाथ नेपाली शान्ति सैनिकहरूको अदलीबदली भएको छ । सोमबार यो मिसनका लागि काठमाडौंबाट २०३ जना सैनिकहरू प्रस्थान गरेका छन् । उनीहरू राष्ट्र ध्वजाबाहक नेपाल वायुसेवा निगमको एयर बस ए-३३० बाट प्रस्थान गरेको नेपाली सेनाले जानकारी दिएको छ ।

सिरियामा तैनाथ फोर्स हेडक्वार्टर सपोर्ट युनिट (शान्ति सेना) १० औं डफ्फा, मेकनाईज्ड ईन्फेन्ट्री गुल्म (शान्ति सेना) पाँचौं डफ्फा, इन्जिनियर सेमु (शान्ति सेना) छैठौं डफ्फा र लेबल १ अस्पताल (शान्ति सेना) तेश्रो डफ्फालाई बदली गर्नको लागि फोर्स हेडक्वार्टर सपोर्ट युनिट (शान्ति सेना) ११ औं डफ्फा, मेकनाईज्ड ईन्फेन्ट्री गुल्म (शान्ति सेना) छैठौं डफ्फा, इन्जिनियर सेमु (शान्ति सेना) सातौं डफ्फा र श्री लेबल १ (अस्पताल) (शान्ति सेना) चौथो डफ्फाको अन्तिम टोलीका २०३ जना नेपाली शान्ति सैनिकहरू सेनानी किशोर खड्काको नेतृत्वमा प्रस्थान गरेका हुन् ।संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना कार्यको लागि नेपाली सेना विगत लामो समयदेखि संसारका विभिन्न मुलुकहरुमा कार्यरत मिसनहरूमा खटिइँदै आइरहेका छन् ।

मिशनमा तैनाथ फोर्स हे.क्वा. सपोर्ट युनिट (शान्ति सेना) १० औं डफ्फा, मेकनाईज्ड ईन्फेन्ट्री गुल्म (शान्ति सेना) पाँचौं डफ्फा, ईन्जिनियर सेमु (शान्ति सेना) छैठौं डफ्फा, लेवल १ (अस्पताल) (शान्ति सेना) तेश्रो डफ्फा र क्लोज प्रोटेक्सन युनिट (शान्ति सेना) दोश्रो डफ्फाको अन्तिम टोलीका २१६ जना नेपाली शान्ति सैनिकहरू प्रमुख सेनानी देवेन्द्र खड्काको नेतृत्वमा सोमवार नै स्वदेश आगमन हुने कार्यक्रम रहेको समेत जानकारी गराईएको छ ।

महानगरविरूद्ध विराटनगरका व्यापारी आन्दोलित

झापा (प्रस) । विराटनगरका व्यापारीहरु विराटनगर महानगरविरूद्ध आन्दोलित बनेका छन् । व्यापारीहरूले पसल अगाडि प्रदर्शनमा राखिएका सामग्री महानगरले सडकपेटीमा राखेको भन्दै उठाएर लगेको आरोप लगाउँदै पसल बन्द गरेर आन्दोलनमा उत्रिएका हुन् ।

मोरङ व्यापार संघ मोरङका पूर्वअध्यक्ष उद्योगी पवन शारडाले व्यापार, व्यवसाय मन्दी भएको बेला आफ्नै पसल अगाडि प्रदर्शनमा राखेका सामान महानगरले जबरजस्ती उठाएर लैजाने आपराधिक कार्य गरेकाले व्यापारीहरू आन्दोलनमा उत्रिन बाध्य भएको बताए ।

विराटनगरमा व्यापार-व्यवसाय सुरू गरेदेखि व्यापारीहरूले पसल अगाडि राखेको सामान महानगरले कुनै सल्लाह नै नगरी जबरजस्ती उठाउन मिल्छ ?'उनले भने, 'यो निन्दनीय कार्य रोकेर महानगरले विराटनगरमा व्यापार व्यवसाय सञ्चालनका लागि सहजीकरण गर्नुपर्नेमा अवरोध पुऱ्याउनु आपत्तिजनक कार्य हो ।'

मोरङ व्यापार संघका अध्यक्ष नवीन रिजालले महानगरले सडकको सरसफाइ, सवारी पार्किङको व्यवस्थापन नगरी व्यापारीलाई दुःख दिनु अन्यायपूर्ण भएको गुनासो पोखे । उनले पसल अगाडि सडकमा सवारी पार्किङ गर्दा हिँडडुलमा असहज नहुने तर व्यापारीले आफ्नो पसल अगाडि सामान प्रदर्शनमा राख्दा असहज हुने भन्नु हाँस्यास्पद भएको बताए ।

विराटनगरका निमित्त प्रमुख प्रकाश साहले महानगरले सर्वसाधारणलाई सडकपेटीबाट आवतजावतमा सहजीकरणका लागि व्यापारीहरूलाई सामान नराखिदिन सूचना जारी गरे पनि नटेरेकाले सामान हटाएर कारबाही गर्न बाध्य भएको बताए ।

लघु उद्यमसम्बन्धी अभिमुखीकरण कार्यक्रम

पथरीशनिश्चरे(प्रस) । मोरङको पथरीशनिश्चरे नगरपालिकामा लघु उद्यम विकाससम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम भन्ने मूल मर्मसहित सोमबार पथरीशनिश्चरे नगरपालिका लघु उद्यम विकास शाखाको आयोजनामा कार्यक्रम भएको हो ।

नगर प्रमुख मोहनप्रसाद तुम्वापोको अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख देवीमाया काफ्ले, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल, लेखा प्रमुख पिताम्बर वस्ती, स्वास्थ्य शाखा संयोजक मुरारी आचार्यलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी , वडा नं. ७ का वडाध्यक्ष उद्धवराज बस्नेत, ४ का वडाध्यक्ष लोककिरण न्यौपाने, १० का वडाध्यक्ष जीवन खतिवडा, कार्यपालिका सदस्य र वडा सदस्यहरुको समेत उपस्थिति रहेको थियो ।

लघु उद्यम विकास शाखाकी संयोजक सपना कार्कीले सञ्चालन गरेको कार्यक्रमको सहजीकरण हेमचन्द्र दाहालले गरेका थिए ।

सुनसरी - १ मा जसपाका राई निर्वाचित

झापा(प्रस) । सुनसरी क्षेत्र नं १ मा एमालेको समर्थन पाएका जनता समाजवादी पार्टीका उम्मेद्वार अशोककुमार राई प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् । राई १७ हजार ५९ मत प्राप्त गर्दै विजयी भए ।

उनका निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार गोमा तामाङ (सरिन) ले १६ हजार ६ सय ६ मत पाइन् । राई र तामाङले पाएको मतान्तर ४ सय ५३ मात्र रहेको छ । गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार मुक्सामहाङ मेन्याङ्बोले १३ हजार ८७, राप्रपाका उम्मेदवार अशोक राई (अविरल) ले ७ हजार ८ सय ८४, स्वतन्त्र उम्मेदवार मनोजकुमार मेन्याङ्बोले ७ हजार ८ सय १२, मेयर हर्क साम्पाङको टिम भनिएका तर्कबहादुर मगरले ३ हजार ८ सय १८ पाए । सुनसरी १ मा कुल मतदाता संख्या १ लाख ४१ हजार ७ सय ७८ हजार रहेकोमा ७८ हजार ९ सय ११ हजार मत खसेको थियो । तीमध्ये ७३ हजार २१ मत मात्र सदर भएको थियो । ५ हजार ८ सय ९० मत बदर भएको थियो ।

प्रसारणलाइन निर्माणको ठेक्का आह्वान

झापा(प्रस) । मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतको मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए)ले विद्युतीय प्रसारण लाइन निर्माणको काम अघि बढाएको छ ।

एमसीए नेपालले सोमवार विद्युत् प्रसारणलाइन निर्माणको ठेक्का आह्वान गरेको हो । कामअघि आयोजनाले प्रसारणलाइन निर्माणको लागि ३ चरणको ठेक्का आह्वान गरिएको हो । पहिलो चरणमा लप्सिफेदी-रातामाटे-हेटौँडा ४०० केभी (१७७ किलोमिटर)को प्रसारणलाइन निर्माणको ठेक्का आह्वान गरिएको छ । यस्तै, दोस्रो चरणमा रातामाटे-दमौली ४०० केभी (९० किलोमिटर)को र तेस्रो चरणमा दमौली-बुटवल



४०० केभी (१०८ किलोमिटर)को प्रसारणलाइन निर्माणको ठेक्का आह्वान भएको छ । आयोजनाले कूल ३१५ किलोमिटर लामो प्रसारणलाइन निर्माण गर्नेछ । सोमवार आह्वान भएको ठेक्कामा यही वर्षको अन्त्यसम्म अर्थात् चैत २९ गतेसम्ममा आवेदन दिनुपर्ने एमसीए नेपालको कार्यालयले जनाएको छ । ठेक्का पाउने कम्पनीले आयोजनाको डिजाइन, सप्लाई, डेलिभरी, इन्सटलेसन, टेस्टिङ र कमिनसिङ गर्नुपर्ने एमसीए नेपालको कार्यालयले जनाएको छ ।आगामी ५ वर्षमा निर्माण सक्नुपर्ने आयोजनाको रूपमा रहेको यो प्रसारणलाइनको निर्माण सन् २०२८ मा सम्पन्न गर्नुपर्ने बताइएको छ । आयोजनामा कूल ८८६ वटा टावर निर्माण हुनेछन् भने यसका लागि करिब २ लाख १२ हजार वटा रुख काट्नुपर्ने छ । यो आयोजना अन्तर्गतको प्रसारणलाइन काठमाडौँ-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ-मकवानपुर-चितवन-तनहुँ-पाल्पा-नवलपुर र परासी हुँदै भारततर्फ जानेछ ।

४०० केभी डबल सर्किटको प्रसारणलाइनले ३००० मेगावाटसम्म विद्युत् प्रवाह गर्न सक्नेछ । यो प्रसारणलाइन निर्माण सम्पन्न भएपछि भारततर्फ विद्युत् व्यापारका लागि नेपालको दोस्रो प्रसारणलाइन हुनेछ । र, यसका लागि ११४ मिलियन अमेरिकी डलर खर्च लाग्ने एमसीए नेपालको आकलन छ ।

चीनमा कोभिड प्रतिबन्धविरुद्ध प्रदर्शन

एजेन्सी । चीनको उरुमचीमा एक भवनमा आगलागी हुँदा १० जनाको ज्यान गएको छ । कोभिडको कडा प्रतिबन्धका कारण उनीहरुको मृत्यु भएको धेरैले विश्वास गरेका छन् ।

तर, प्रशासनले यो आरोप अस्वीकार गर्दै आएको छ ।

तर यी मृत्युपछि चीनका जनतामा कोरोना प्रतिबन्धको विरुद्धमा आक्रोश भड्किएको छ र उनीहरु सडकमा उत्रिएका छन् । जनताले राष्ट्रपति सी जिनपिङविरुद्ध नारा पनि लगाएका छन् । यस्तो विरोध चीनमा सामान्य होइन ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANAMNAGAR-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष — शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

वृष — आँटेको र ताकेको कार्य पुरा होला । कूटनीतिक नियोगको सहयोग मिल्नेछ ।

मिथुन — आज महत्वपूर्ण अवसर गुम्न सक्छ । आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

कर्कट — चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।

सिंह — आज इच्छा र आकांक्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ ।

कन्या — मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

तुला — अरुको भर पर्दा धोका पाइनसक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ ।

वृश्चिक — आज आकस्मिक धन लाभ हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

धनु — आज शुभ समाचार सुन्न पाइएला । प्यारो साथीसँग भेट हुनेछ ।

मकर — अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

कुम्भ — घरमा कुटुम्बको आगमन हुनसक्छ । प्रतिष्ठा प्राप्तिका लागि संघर्ष गर्नु पर्नेछ ।

मिन — आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ ।